# धनगढी उप-महानगरपालिका

## कार्यालय धनगढी ,कैलाली

*मिति : २०७६/०२/२४ बिहान ८ बजे*

2019.06.07 15:40

आदरणीय नगरबासी बुवा, आमा दाजुभाई , दिदिबहीनी
तथा सम्पूर्ण राष्ट्र सेवक मित्रहरु ।

### हार्दिक अपिल

हिजो बेलुकी ८ बजे देखि ९ बजे सम्म धनगढी उप-महानगरपालिका र कैलाली जिल्लामा आएको तिब्र हावाहुरीले सम्पूर्ण जनजिवनलाई पुऱ्याएको क्षति र अस्तब्यतता प्रति हाम्रो पूर्ण रुपमा ध्यान आकर्षण भएको छ । हावाहुरीले पुऱ्याएको मानविय क्षति र धनजनको क्षति प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

हावाहुरीबाट अस्तब्यत जनजिवनलाई सामान्य अवस्थामा ल्याउनका लागि हामीहरु हिजो राती १० बजे देखि नै खटीरहेका छौं । जनजिवन सामान्य स्थीतिमा ल्याउन उप-महानगरको भौतिक तथा मानवीय श्रोत साधन हिजो रातीबाट नै परिचालन गरेको ब्यहोरा सादर निवेदन गर्दछौं । सडकको सरसफाई तथा रुखहरु हटाएर बाटोघाटो सुचारु गर्नका लागि सम्पूर्ण नगरबासी, स्थानीय प्रशासन र राष्ट्र सेवक सुरक्षाकर्मीहरु, नेपाल रेडक्रस सोसाईटी धनगढी लगायतका सामाजिक संघसंस्थाहरु संग समेत हार्दिक अपिल गर्दछु । विद्युत सेवा सुचारु गर्नका लागि यथासिघ्र मर्मत सम्भार गरी सुचारु गर्न समेत नेपाल विद्युत प्राधिकरण धनगढी शाखालाई हार्दिक अपिल गर्दछु ।

तिब्र हावाहुरीका कारणले अहिले सम्म जानकारीमा आए अनुसार २ जना ब्यक्तिको हताहत भएको दुखद समाचारले मर्माहत बनाएको छ । यस दु:खद घडीमा मानविय क्षति भएका परिवार प्रति धैर्यधारण गर्न, जनजिवन सामान्य पार्न समेत हार्दिक अपिल गर्दछु । हावाहुरीबाट घाईते भएका सम्पूर्ण ब्यक्तित्वहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नृपबहादुर वड
नगरप्रमुख

नगर प्रमुख :-०९१-५२१७४३, नगर उप-प्रमुख :-०९१-५२०८७४ ,प्रमुख प्रशासकीयअधिकृत :-०९१-५२०४२९,प्रमुख प्रशासकीय अधिकृतको निवास :- ०९१-५२१३२९, योजना शाखा ०९१-५२५५०६, आ.ल.प.शाखा:-०९१- ५२०७२९,प्रशासन :- ०९१-५२०७३३, लेखा :-०९१-५२१५२९, फ्याक्स :- ०९१-५२०४२९ दमकल :- १०१ वेव साईट
www.dhangadhimun.gov.np email address : dhangadhimun2013@gmail.com